**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०४ दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- रुसका राष्ट्रपति व्लादिमीर पुतिन दुई दिने भारत भ्रमणका लागि आज नयाँ दिल्ली आउँदैहुनुहुन्छ।
- मतादाता सूची विशेष गहन पुनरीक्षण (एसआईआर) शुरु भएपछि BLO हरुको मृतु , कामको दबाउ , FIR को धम्की सम्बन्धि मामलामा सुप्रीम कोर्टले राज्य सरकारलाई अतिरिक्त कर्मचारी तैनात गर्ने अनि कार्यभार समान रूपले बांटने निर्देश दिएको छ |
- पश्चिम बंगालमा भइरहेको मतादाता सूची विशेष गहन पुनरीक्षण (एसआईआर) अवधि निर्वाचन आयोगको ताजा प्रवृत्तिहरूमा लगभग 50 लाख नाम मतदाता सूचीबाट हटाउने योग्यको पाइएको छ।
- तृणमूल कांग्रेसले मुर्शिदाबाद जिल्लामा बाबरी मस्जिद बनाउने अडान लिएका विधायक हुमायूं कबीरलाई पार्टीबाट निलंबित गरेको छ।
- कलकत्ता उच्च अदालतले उच्च प्राथमिक नियुक्तिमा बनाइएको सुपर न्यूमेरेरी अर्थात अतिरिक्त शून्य पदहरूलाई पूर्ण रूपले रद्द गरिदिएको छ।

**पुतिन**

रुसका राष्ट्रपति व्लादिमीर पुतिन दुई दिने भारत भ्रमणका लागि आज नयाँ दिल्ली आउँदैहुनुहुन्छ।उहाँले २३ औं भारत-रूस वार्षिक शिखर सम्मेलनमा भाग लिनुहुनेछ। उहाँले भोलि प्रधानमन्त्री नरेन्द्र मोदीसित भेट वार्ता गर्नुहुनेछ। दुई नेताहरूले आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूमा विचार विमर्श गर्नुहुनेछ। श्री पुतिनको भ्रमणको क्रममा, दुई देशहरू बीच व्यापार, अर्थव्यवस्था, स्वास्थ्य, शिक्षा, संस्कृति र मिडिया लगायत विस्तृत क्षेत्रहरूमा सम्झौताहरूमा हस्ताक्षर हुनेछ।**राष्ट्रपति द्रौपदी मुर्मुले श्री पुटिनको सम्मानमा भोजको आयोजना गर्नुहुनेछ।** यो भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्ने र विशिष्ट रणनीतिक साझेदारीलाई सुदृढ पार्ने अवसर प्रदान गर्नेछ। हाम्रा संवाददाताले बताए अनुसार वार्षिक शिखर सम्मेलन दुई देशबीचको रणनीतिक साझेदारीको सर्वोच्च संवाद तंत्र हो।

**सुप्रीम कोर्ट- SIR**

पश्चिम बंगालमा भइरहेको मतादाता सूची विशेष गहन पुनरीक्षण (एसआईआर) शुरु भएपछि BLO हरुको मृतु , कामको दबाउ , FIR को धम्की सम्बन्धि मामलामा सुप्रीम कोर्टले SIR सित सम्बन्धित सबै तर्क सुनेपछि राज्य सरकारलाई अतिरिक्त कर्मचारी तैनात गर्ने अनि कार्यभार समान रूपले बांटने निर्देश दिएको छ | BLO हरु माथि केस दर्ता गर्ने अनि आत्महत्याको मामलामा चिंता ब्येक्त गर्दै कोर्टले छतीपूर्तिको लागि व्यक्तिगत आवेदन गर्न भनेको छ | सुनवाई शितकालिन छुट्टी भन्दा पुर्ब पुरा गरिने लक्ष्य राखिएको छ |

**पश्चिम बंगाल (एसआईआर)**

पश्चिम बंगालमा भइरहेको मतादाता सूची विशेष गहन पुनरीक्षण (एसआईआर) अवधि निर्वाचन आयोगको ताजा प्रवृत्तिहरूमा लगभग 50 लाख नाम मतदाता सूचीबाट हटाउने योग्यको पाइएको छ। यो प्रक्रिया 4 नोभेम्बरदेखि शुरू भएको थियो अनि डिजीटाइजेशन सितै प्रतेक दिन नयाँ आँकड़ा अघि आइरहेको छ। गत मंगलवार साँझसम्ममा यो संख्या 46 लाखभन्दा केही अधिक थियो, तर बुधवार रातिसम्ममा यो संख्या बढ़ेर 50 लाख पुगेको छ। अर्थात मात्र 24 घण्टाभित्रमा हटाउने योग्य सूचीमा लगभग 4 लाख नयाँ नामलाई जोड़िएको छ। मुख्य निर्वाचन अधिकारी कार्यालयको सूत्रानुसार अहिलेसम्म प्राप्त 50 लाख हटाउने योग्यको नाममा 23 लाखभन्दा अधिक मानिसहरूको नाम 'मृत मतदाता' श्रेणीभित्र पर्दछ। त्यसपछि दोस्रो स्थानमा 'स्थानान्तरित' मतदाता छन् जसको संख्या 18 लाखभन्दा अधिक छ। यस अतिरिक्त 7 लाखभन्दा अधिक मतदातालाई 'बेपत्ता' श्रेणीमा दर्ता गरिएको छ भने रहल नाम 'दोहोरो' वा अन्य कारण हटाउने योग्यको पाइएको छ। यी सबै नामको अन्तिम स्थिति आगामी 16 दिसम्बरको मसौदा मतदाता सूची जारी भएपछि स्पष्ट हुनेछ। मसौदा प्रकाशन भएपछि नोटिस चरण शुरू हनेछ जसमा नोटिस जारी गर्नु, सुनवाई, जाँच तथा दाबी-आपत्तिहरूलाई सुल्झाउने काम 16 दिसम्बरदेखि 17 फरवरीसम्म चल्नेछ। त्यसपछि मतदाता सूचीका विभिन्न मानदण्डहरूको जाँच अनि अन्तिम प्रकाशनको लागि आयोगको अनुमति 10 फरवरीमा लिइनेछ। अन्तिम मतदाता सूचीको प्रकाशन आगामी बर्ष14 फरवरीमा गरिनेछ। पहिला यो तिथि 7 फरवरी तय गरिएको थियो। 27 अक्टोबर, 2025-सम्ममा पश्चिम बंगालमा मोठ मतदाताहरूको संख्या 7 कड़ोर 66 लाख 37 हजार 529 दर्ता गरिएको छ।

## 'सेल्फ' भोटर

पश्चिम बंगालमा भइरहेको मतदाता सूचीको विशेष गहन पुनरीक्षण प्रक्रिया अर्थात एसआईआरको क्रममा निर्वाचन आयोगले यस्ता तीन वटा बूथहरू फेला पारेका छन्, जहाँ एकजना पनि 'सेल्फ' भोटर छैन। एसआईआरको नियमानुसार कुनै भोटरलाई 'सेल्फ' त्यसबेला मानिन्छ जतिबेला उसको नाम वर्ष 2002-को मतदाता सूचीमा छ। यदि उसको माता-पिताको नाम वर्ष 2002-को मतदाता सूचीमा छ भने यस्तो मतदातालाई 'प्रोजनी' मानिन्छ। निर्वाचन आयोगले यसलाई लगभग असम्भव परिस्थिति मान्दै तीनै वटा बूथको पुनः जाँच गर्ने आदेश दिएको छ।
पहिलो मामिला कुचबिहार ज़िल्लाको दिनहाटा विधानसभा क्षेत्रको हो। दोस्रो हुगली जिल्ला अन्तर्गत पाण्डुआ विधानसभा क्षेत्र अनि तेस्रो मामिला दक्षिण 24 परगना ज़िल्लाको कुलतली विधानसभा क्षेत्रको हो।

## जलपाईगुड़ी एसआईआर

जलपाईगुड़ी जिल्लामा एसआईआर को काम बिएलओहरूले प्रायः पुरा गरि सकेको तथा निर्धारित पोर्टलमा अपलोडपनि भइसकेको त्याहाँका मतदाताहरूको धारणा छ। आफ्नो फर्म अपलोड भयो कि भएन त्यसबारे पनी बेबसाइटमा गएर चेक गर्न सकिन्छ। यद्यपी बंगालका सत्तारूढ दलले एसआईआर को बिरोध गरि रहेको छ तथा उसका बुथलेबल एजेन्टहरूले अवांछित नामहरू हाल्ने प्रयास पनि गरि रहेका छन् भन्ने कुरा मानिसहरूले जनाइरहेका छन्। तर जनता सचेत छ र एसआईआर लाई राम्रो पहल बताई रहेका छन्। जलपाईगुड़ीका एक जन नागरिक तथा समाजसेवी प्रदीप थापाले एसआईआरबारे यसो भन्छन्....
बाईट प्रदीप थापा...

## हुमायूं कबीर - निलंबित

तृणमूल कांग्रेसले मुर्शिदाबाद जिल्लाको बेलडांगामा बाबरी मस्जिद बनाउने अडान लिएका विधायक हुमायूं कबीरलाई पार्टीबाट निलंबित गरेको छ। टीएमसी विधायकले 6 दिसंबरमा बाबरी मस्जिदको आधारशिला राख्ने घोषणा गरेका थिए। मुर्शिदाबादका पर्यवेक्षक फिरहाद हकीम अनि नियत शेखले कोलकातामा प्रेस कॉन्फ्रेंस गरेर उनलाई पार्टीबाट निलंबित गर्ने निर्देश घोषित गरेका छन्। बाबरी मस्जिद विवाद बारे फिरहाद हकीमले, पार्टीले हुमायूंको यस कदमको समर्थन नगर्ने स्पष्ट गरेका थिए। पश्चिम बंगालका भाजपा नेता दिलीप घोषले यस सम्बन्धमा भन्नुभयो कि कसैले पनि आफ्नो जमीनमा मस्जिद बनाउन सक्छ तर बाबरको नाममा यस देशमा मस्जिद बन्नेछैन | बाबरको नाममा कसैले पनि मस्जिद बनाउने प्रयाश गरे त्येसको देशभरिमै विरोध गरिने उहाले अझ बताउनुभयो। चाखलाग्दो कुरा यो छ कि हुमायुँ कबीर त्यै समय बहरमपुरमा मुख्यमन्त्री ममता ब्यनर्जीको सभामा उपस्थित थिए जतिबेला कोलकातामा प्रेसवार्ता गरी उनलाई निलम्बन गरेको घोषणा गरियो। निलम्बनको खबर पाउनसाछ उनी

सभास्थलदेखि बाहिर गए। सभास्थलदेखि बाहिर आउनसाथ उनले आगामी 22 दिसम्बरको दिन नयाँ पार्टीको घोषणा गर्ने अनि 135 सीटमा उम्मेद्वारहरूलाई उतार्ने बताए।

## शुभेन्दु अधिकारी

राज्यको शिक्षा व्यवस्थालाई लिएर राजनीतिक विवाद फेरि चर्किएको छ। राज्य विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले एक्समा एक विस्तृत पोस्ट गरी ममता ब्यनर्जी सरकारमाथि गम्भीर आरोप लगाएका छन्। उहाले शिक्षा अवैतनिक (नि:शुल्क) भए पनि राज्य सरकारले विद्यार्थीहरूबाट विभिन्न रूपमा पैसा असुल गर्ने चेष्टा गरिरहेको आरोप लगाउनुभएको छ। शुभेन्दु अधिकारीले पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदद्वारा हालैमा जारी एक अधिसूचनाको आधारमा भन्नुभयो - आगामी वर्ष 2026-को उच्च माध्यमिक परीक्षाको लागि नामांकन दर्ता गराउँदा विद्यार्थीहरूले अनिवार्य रूपमा निर्धारित शुल्क जमा गर्नुपर्नेछ। यस अतिरिक्त परीक्षार्थीहरूबाट भिन्नै 'सेन्टर फीस' लिने निर्देश पनि दिइएको छ जसलाई उहाले "पूर्ण रूपले गलत अनि अवैध" बताउनुभएको छ।

## प्राथमिक शिक्षक- नियुक्ति

प्राथमिक शिक्षकहरूको नियुक्ति मामिलामा राहत पाएको मात्र एक दिनपछि ममता सरकारलाई ठूलो झट्का लागेको छ। कलकत्ता उच्च अदालतले उच्च प्राथमिक नियुक्तिमा बनाइएको सुपर न्यूमेरेरी अर्थात अतिरिक्त शून्य पदहरूलाई पूर्ण रूपले रद्द गरिदिएको छ। आज न्यायमूर्ति विश्वजीत बसुको एकल पीठले यो आदेश सुनाएको हो। न्यायालयले भनेको छ - नियमित नियुक्ति प्रक्रिया जस्तै सुपर न्यूमेरेरी पदलाई बनाउन सकिँदैन। यस्तो पद विशेष परिस्थितिमा मात्र बनाइन्छ। "राजनीतिक नैतिकता सामु संवैधानिक नैतिकता कहिल्यै कमज़ोर हुँदैन।" राज्य सरकारले उच्च प्राथमिक स्तरमा कार्य शिक्षा अनि शारीरिक शिक्षा विषयमा प्रतीक्षा सूचीबाट नियुक्ति गर्नको लागि 1600 अतिरिक्त पद बनाउने निर्णय लिएको थियो। अदालतले दुवै विज्ञप्तिहरूलाई रद्द गरिदिएको छ। उच्च प्राथमिक नियुक्तिसित सम्बन्धित अन्य मुद्दाहरू माथि सुनवाई अब आगामी जनवरी महिनामा हुनेछ।

## अनित थापा

गत अक्टुबर महिनामा मरमा खोलामा आएको बाडीले क्षतिग्रस्त भएको ठाँउहरूको स्थलगत भ्रमण साथै पीडित पक्षलाई भेटेर क्षतिपूर्ति अनि अन्य कार्यहरूको निरिक्षण गर्न आज GTA का प्रमुख कार्यपाल मिरिक खण्ड, थर्बु डुप्टिन समष्टि अन्तर्गत नाम्सु, देवराली अनि चालिसे बस्तीको स्थलगत भ्रमणमा पुगेका थिए। भ्रमणको क्रममा पत्रकारसित वार्तालापमा उहाले हालैको कोलकाता भ्रमण प्रशासनिक भ्रमण रहेको अनि कतिपय ढिलाई भएका कार्यहरूलाई गति दिनु विभिन्न विभागका अधिकारीहरू अनि राज्यका मुख्य सचिवसँग बैठकमा बसेको बताउनुभयो। आगामी बर्ष हुने विधानसभा चुनाउ बारे सोधिएको प्रश्नको जवाब्मा BGPM चुनाउ एक्लै लड्ने बताउनुभयो।

## खरसाङ शेर्पा गुम्बा

भुटाङका खेन्पो छोगेल ग्याल्जेन दुई हप्ता लामो ठ्रोमा वाण्डु सम्बन्धी आध्यात्मिक कार्यक्रम सञ्चालन गर्नका लागि आज खरसाङस्थित शेर्पा गुम्बामा आइपुग्नुभएको छ। वहाँको आगमनमा गुम्बा प्रांगणमा समाजका सदस्य, गुम्बा कमिटी, वेलफेयरका प्रतिनिधि तथा स्थानीय श्रद्धालुहरूको उपस्थितिमा भव्य स्वागत समारोह सम्पन्न गरिएको छ।स्वागत कार्यक्रम अन्तर्गत खेन्पोलालाई खादा अर्पण, स्वागत मन्तव्य तथा सामूहिक प्रार्थनाको व्यवस्था गरिएको थियो। गुम्बा परिसरमा बिहानैदेखि श्रद्धालुहरूको भीड लाग्दै गएको थियो।स्वागत कार्यक्रमपछि खेन्पो छोगेल ग्याल्जेनले आगामी १४ दिनसम्म सञ्चालन हुने ठ्रोमा वाण्डु उपदेश, ध्यान, धार्मिक कक्षा तथा पूजापाठका कार्यहरूबारे प्रारम्भिक निर्देशन दिनुभएको थियो। वहाँले यो कार्यक्रम समुदायमा आध्यात्मिक चेतना, करुणा र सामूहिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको बताउनुभयो। शेर्पा समाज, गुम्बा कमिटी तथा वेलफेयरका अनुसार कार्यक्रमको तयारी पूरा गरिएको छ र सहभागीहरूको सुविधालाई ध्यानमा राख्दै दैनिक सत्रहरूको समय तालिका छिट्टै सार्वजनिक गरिने बताइएको छ।

**महाकाल मंदिर-निर्माण**

सिलगडीको मत्तीगडा क्षेत्रमा महाकाल मंदिरको निर्माण गरिनेछ। यसको घोषणा मुख्यमंत्री ममता बनर्जीले आफ्नो उत्तर बंगाल भ्रमणको अवधि गर्नुभएको थियो। यसैलाई अघि बडाउदै आज मेयर गौतम देवले मंदिर निर्माणको लागि चिन्हित गरिएको जमीनको निरीक्षण गर्नुभयो।निरीक्षणको अवधि मेयरसित डिप्टी मेयर रंजन सरकार, बोरो चेयरमैन, नगर निगमका कमिश्नर सहित अन्य अधिकारी पनि उपस्थित थिए।उल्लेखनीय छ गत बर्ष अक्टूबर महिनामा मुख्यमंत्री ममता बनर्जीले उत्तरकन्यामा बैठक पछि मत्तीगडाको लगभग 14.41 एकड़ भूमिमा महाकाल मंदिर निर्माण गर्ने घोषणा गर्नुभएको थियो। यो परियोजना वेस्ट बंगाल हाउसिंग इंफ्रास्ट्रक्चर डेवलपमेंट कॉर्पोरेशन लिमिटेड अन्तर्गत शुरू गरिनेछ।

**सुपरमुन**

खगोल विज्ञानमा रुचि राख्नेहरूका लागि आज बिहिवार एक विशेष आकाशीय घटना हुनेछ। राति आकाशमा यस वर्षको अन्तिम पूर्णिमाको चन्द्रमा सुपरमुन हुनेछ। यो चन्द्रमा रातभरि अपेक्षा भन्दा ठूलो र उज्यालो देखिनेछ। राष्ट्रिय पुरस्कार विजेता, विज्ञान प्रसारक सारिका घारुले चन्द्रमा आज पृथ्वीको सबैभन्दा नजिक लगभग 3 लाख 57 हजार 218 किलोमिटरको दूरीमा रहने बताउनु भयो।

**आर्य समाज- वेद मन्दिर**

दार्जिलिङ पुलबजार खण्डको गोक दुई ग्राम अन्तर्गत पदेङ्ग बस्तीमा आज धान्य पूर्णिमा मङ्गसिर पुर्णिमाको सुअवसरमा आर्य समाज वेद मन्दिरमा बैदिक सनातन धर्म अनुसार सम्पन्न भयो। आजको कार्यक्रममा आर्य समाज पदेङ्ग कोम शाखाको सम्पुर्ण सदस्यहरूको उपस्थितिमा नयाँ अन्न बाली तथा फलफुल लिएर हवन गरी सुख समृद्धिका लागि कामना गर्दै सम्पन्न भएको यज्ञमा पदेङ्ग झर्ना समाजको कार्यकारी सदस्यहरूको उपस्थिति साथमा रियोंग बस्तीबाट बुद्धिष्ट धर्मावलम्बी हिस्सै दोर्जे लामाको पनि उपस्थित थिए।